**आ.ब.२०७८/०७९ को बैठक नं.५ मिति २०७८/१०/२[illegible] गते बसेको बोर्ड बैठकका प्रस्ताव तथा निर्णयहरु :-**

**प्रस्तावहरु :**

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयन अवस्था समीक्षा सम्बन्धमा :
२. २०७८/१०/२१ गतेको बोर्डको बैठकमा गठित उप-समितिले पेश गरेको प्रतिवेदन सम्बन्धमा :
   (क) ईलाका प्रशासन कार्यालय, कोहलपुरलाई जग्गा उपलब्ध गराउने सम्बन्धि पेश भएको प्रतिवेदन सम्बन्धमा :
   (ख) चार्जिङ्ग स्टेशनलाई जग्गा उपलब्ध गराउने सम्बन्धि पेश भएको प्रतिवेदन सम्बन्धमा :
   (ग) कृषि हाट बजार संचालनका लागि कृषि बजार व्यवस्थापन समितिलाई स्थान उपलब्ध सम्बन्धि पेश भएको प्रतिवेदन सम्बन्धमा :
३. योजना क्षेत्र भित्रका **Highmast Light** पोल मुनी **Island** बनाउने सम्बन्धमा :
४. खरिदार रेबिन्द्र बुढाथोकीको निवेदन सम्बन्धमा :

**निर्णयहरु :**

**निर्णय नं. १**

मिति २०७८/१०/२१ गतेको यस समितिको बैठकका निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो । कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. २**

(क) प्रस्ताव नं.२ को (क) मा छलफल गर्दा मिति २०७८/१०/२१ गतेको बोर्ड बैठकले ईलाका प्रशासन, कार्यालय कोहलपुरलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा आवश्यक अध्ययन गरी राय सहितको प्रतिवेदन पेश गर्नका लागि निर्णय नं. ५ विविध (क) मा गठित उप-समितिलाई जिम्मा दिएकोमा सो उप-समितिले प्रतिवेदन पेश गरेको । साथै शहरी विकास मन्त्रालयको मिति २०७५/१२/०३ च.नं.१६५ को पत्रमा समेत सो सम्बन्धमा विवरण माग भै आएकोले तपसिल बमोजिम जग्गा ईलाका प्रशासन कार्यालय, कोहलपुरलाई भोगाधिकार सहित उपलब्ध गराउनको लागि शहरी विकास मन्त्रालयमा स्वीकृती मागको लागि पत्राचार गर्ने निर्णय गरियो ।

**तपसिल**

नगर विकास समितिको स्वामित्वमा रहेको प्रथम चरण क्षेत्र अन्तरगत संस्थगत क्षेत्र १(Government Sector 1) वडा नं.३(क) को कित्ता नं.३९६ ज.वि.२३-१८-१८(व.मी.) जग्गा मध्ये दक्षिण Boundry Wall बाट ८ मि. र पश्चिम अस्थायी सटरबाट ५ मि. छोडी दक्षिण पश्चिम तर्फ १६ मि. मोहडा (दक्षिण तर्फ) हुने गरी ०-२-० (६७९ व.मी.) जग्गा नेपाल सरकारको निर्णय बमोजिम भवन निर्माण गर्न उपलब्ध गराउने ।

(ख) प्रस्ताव नं.२ को (ख) मा छलफल गर्दा मिति २०७८/१०/२१ गतेको बोर्डले नगर विकास समितिको मातहतको क्षेत्रमा सार्वजनिक चार्जिङ्ग स्टेशनको आवश्यक भएकोले चार्जिङ्ग स्टेशनको लागि जग्गा दिने स्थान, क्षेत्रफल, भाडा/लिजमा दिने अवधि न्यूनतम रकमको सुझाव पेश गर्नको लागि गठित गरेको उप-समितिले पेश गरेको प्रतिवेदन अनुसार सम्बन्धित निकायबाट कोहलपुर नगरपालिका क्षेत्रमा चार्जिङ्ग स्टेशन राख्ने अनुमति प्राप्त कम्पनी/फर्मलाई बढाबढ प्रकियाबाट सरकारी क्षेत्र १ (Government Sector 1) साविक वडा नं.३(क) कि.नं.३९६ मध्ये उत्तर पश्चिम तर्फ २६ मी.X२६ मी. को २ कठ्ठा जग्गा तपसिल बमोजिमका शर्तहरु पालना गर्ने गरी स्थानीय पत्रिका, वेबसाइट एवं सूचना पाटीमा ७

टिकाराम ढकाल
सदस्य सचिव

सात) दिने सूचना प्रकाशित गरी अधिकतम बढाबढ गर्ने फर्म/व्यवसायीसँग सम्झौता गरी जग्गा भाडामा उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल**

- जग्गाको न्यूनतम् भाडा मासिक रु.२०,०००/- (अक्षरुपी बिस हजार) हुने । प्रत्येक २ वर्षमा १० प्रतिशतका दरले भाडा रकम वृद्धि गरिने ।
- कम्पनी/फर्मले जग्गामा संरचना निर्माण गर्दा नगर विकास समितिको प्राविधिकबाट पूर्व अनुमति लिई मात्र संरचना निर्माण गर्ने र सम्झौता अवधि समाप्त भएपश्चात सम्बन्धित कम्पनी/फर्मले आफुले निर्माण गरेको संरचना स्वयंले हटाउनुपर्ने ।
- नगर विकास समितिले सो स्थल सम्म इस्टिमेट बमोजिम माटो पटान र ग्राभेल गरिदिने र अन्य निर्माण कार्य सम्बन्धित कम्पनी/फर्मले स्वयं बनौउनु पर्ने ।

(ग) प्रस्ताव नं. २ को बुंदा नं. ३ मा छलफल गर्दा मिति २०७८/१०/२१ गतेको बोर्ड बैठकले कृषि हाट बजार संचालनका लागि कृषि बजार व्यवस्थापन समितिलाई स्थान उपलब्ध गराउन निर्णय नं. ५ विविध (क) मा गठित उप-समितिलाई राय सुझाव एवं परामर्श माग गरेकोले राय सुझाव एवं परामर्श प्राप्त गरी सो सम्बन्धमा अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं.३ मा छलफल गर्दा नगर विकास समितिको योजना क्षेत्र भित्रका Highmast Light को पोल मूनी सहरी सौन्दर्य एवं ट्राफिक व्यवस्थापनमा सहजता ल्याउन जिल्ला ट्राफिक प्रहरी कार्यालय सँग समन्वय गरी प्राविधिक इस्टिमेट बमोजिम Island बनाउने र सो को भुक्तानी समितिमा विनियोजित उपयुक्त शिर्षकबाट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं.४ मा छलफल गर्दा यस समितिको खरिदार रेबिन्द्रा बुढाथोकीले प्रोत्साहन भत्ता उपलब्ध गराइपाउँ भनी निवेदन पेश गरेकोमा निज लगायत सम्पूर्ण कर्मचारीको कार्य सूची/कार्य भार विश्लेषण गरी प्रोत्साहन भत्ता वा अतिरिक्त समय काम गरेबापत खाना खाजा खर्च उपलब्ध गराउन निर्णय गर्ने गरी सदस्य सचिवलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

टिकाराम ढकाल
सदस्य सचिव